आर्थिक वर्ष २०८३/०८४ को
बजेट वक्तव्य

माडी नगरपालिका
२०८३

माडी नगरपालिकाको अठारौं नगरसभामा नगर उपप्रमुख श्री खेम प्रसाद महतोज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

**सम्मानित नगर सभाका अध्यक्ष एवम् सदस्यज्यूहरु ,**

१. माडी नगरपालिकाको गौरवमय अठारौं नगर सभामा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गौरवान्वित भएको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिर्वतनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । राष्ट्रियता,स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि तथा संघीय शासन प्रणाली स्थापित गर्नका लागि संघर्ष गर्नुहुने महान् नेपाली र त्यसको सक्षम नेतृत्व गर्नुहुने राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

२. "**सम्पदा सम्पन्न माडी नगर, ईको कृषि र पर्यटनको सहर**" भन्ने मूल नारालाई आत्मसात् गरी यस नगरको समुन्नत विकासका लागि माडी नगरपालिका अग्रसर रहेको म सबै नगर सभा सदस्यज्यूहरुलाई विश्वास दिलाउन चाहन्छु ।नगरपालिकाको दोस्रो कार्यकालका रुपमा जनताबाट निर्वाचित भएर आएपश्चात हामीले चार वर्षको अनुभव लिईसकेका छौं । विगतका वर्षहरुले सिकाएका पाठहरुलाई अङ्गीकार गर्दै थप उर्जाशील, संवेदनशील र संयमित भएर आगामी वर्षको बजेट तथा कार्यक्रम तयार गरिएको पनि म जानकारी गराउन चाहन्छु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान; स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,माडी नगरपालिकाको आवधिक योजना,मध्यमकालीन खर्च संरचना,नगरका विषयगत समितिका सुझावहरू; दिगो विकासको लक्ष्य, वडाहरुबाट प्राप्त सुझावहरू, विषय विज्ञका रायसुझाव तथा राजनीतिक दल, संघ—संस्था, नगरका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई मुख्य आधारको रूपमा लिइएको छ ।

४. अब म यस माडी नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ. व. २०८२।८३ को लागि कुल अनुमानित आय रु ९४ करोड ३६ लाख ९७ हजार ५ सय ४९रूपैयाँ ९७ पैसा अनुमान गरिएकोमा आय तर्फ २०८३ आषाढ ९ गतेसम्म यस नगरले करिब रू. ७९ करोड ७१लाख ३६ हजार ६सय १७ रुपैयाँ ८५ पैसा आम्दानी गर्न सफल भएको छ ।जुन प्रक्षेपित आम्दानीको ८४.४६ प्रतिशत हुन आउँछ।

५. व्ययतर्फ चालु शीर्षकमा रु ६५ करोड १६ लाख २३ हजार ५ सय ४५ रुपैयाँ ९७ पैसा विनियोजन भएकोमा २०८३ आषाढ ९ गते सम्म रु ४३ करोड ३७ लाख २७ हजार ९५ रुपैयाँ २९ पैसा अर्थात ६६ दशमलव ५६ प्रतिशत र पुँजीगत तर्फ रु २९ करोड २० लाख ७४ हजार ४ रुपैयाँ विनियोजन भएकोमा ९ करोड ३४ लाख ७१ हजार ७ सय ५७ रुपैयाँ ८ पैसा अर्थात ३२ प्रतिशत गरी कुल खर्च जम्मा रु ५२ करोड ७१ लाख ९८ हजार ८ सय ५२ रुपैयाँ ३७ पैसा रहेको छ जुन ५५ दशमलव ८६ प्रतिशत हो । पूँजीगत खर्च कम रहनुमा इरान अमेरिका युद्धको प्रभावका कारण निर्माण सामग्रीको अभाव र अकस्मात् मूल्य वृद्धि भएकाले निर्माण व्यवसायी र उपभोक्ता समितिले समयमै काम सम्पन्न गर्न नसक्नु नै मूल कारण रहेको देखिन्छ ।

६. अव म चालु आ.व.को संशोधित आयव्यय प्रस्तुत गर्न चाहन्छु ।हालसम्मको प्रगति हेर्दा स्थानीय राजश्व बाँडफाँट तर्फको घर जग्गा रजिष्ट्रेशन तर्फ हालसम्म अनुमानित रकमको ३९ दशमलब १९ प्रतिशत रकम मात्र मालपोत बाट प्राप्त भएको हुँदा असार मसान्त सम्म ५० प्रतिशतसम्म प्राप्त हुने संकेत देखिन्छ ।यसर्थ चालु आ.व.मा सञ्चालित योजना तथा कार्यक्रमहरुको भुक्तानी गर्न हाल नगरपालिकाको स्थानीय राजश्व बाँडफाँडको घरजग्गा रजिष्ट्रेशन स्रोतमा दबाव बढ्दै गएको छ ।

७. आगामी वर्ष २०८३।८४ को बजेटले आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा संस्थागत विकास एवम् वन, वातावरण तथा विपद व्यवस्थापनलाई मुख्य प्राथामिकतामा राखेको छ ।

८. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग समन्वय कायम गर्ने प्रयास गरिएको छ । उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न विकासका सहयात्री सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**सम्मानित नगर सभाका अध्यक्ष एवं सदस्यज्यूहरु,**

९. अब म माडी नगरपालिकाको आ.व. २०८३।८४ को कूल आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण प्रस्तुत गर्न चाहन्छु ।

१०. यस नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०८३।८४ को कूल व्यय रू. ९७ करोड ७४ लाख ८३ हजार ६ सय ३६ रुपैया विनियोजन गरेको छु।जस अन्तर्गत चालु खर्च तर्फ ६४ करोड ३७ लाख ५३ हजार १ सय ९९ रुपैया र पुँजीगत खर्च तर्फ रु ३३ करोड ३७ लाख ३० हजार चार सय ३७ रुपैया विनियोजन रहेको छ ।

११. प्रक्षेपित बजेटका लागि संघीय सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँडबाट रु ६५ करोड ८२ लाख २९ हजार रुपैया अनुमान गरिएको छ।जस अन्तर्गत समानीकरण तर्फ रु १२ करोड ९६ लाख रुपैया, सशर्त अनुदान तर्फ ३३ करोड ३९ लाख,, समपूरक अनुदान तर्फ रु २ करोड ४५ लाख ,विशेष अनुदान तर्फ १ करोड ४६ लाख रुपैया ,तथा राजश्व बाँडफाँड तर्फ मूल्य अभिवृद्धि कर ९ करोड ९१ लाख ४० हजार रुपैया, अन्तः शुल्क ४ करोड २४ लाख ८९ हजार रुपैया र वन रोयल्टी तर्फ १ करोड ४० लाख रुपैया अनुमान गरिएको छ भने प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण र

राजश्व बाँडफाँडबाट रु १२ करोड ७१ लाख १६ हजार १ सय ८४ रुपैया आम्दानी हुने अनुमान गरिएको छ ।जस अन्तर्गत समानीकरण अनुदान तर्फ रु १ करोड १४ लाख ७९ हजार, सशर्त अनुदान तर्फ रु १ करोड ६९ लाख ५० हजार , समपूरक अनुदान तर्फ रु २ करोड ४० लाख , विशेष अनुदान तर्फ रु ७० लाख र राजश्व बाँडफाँड अन्तर्गत सवारी साधन कर तर्फ रु ५ करोड ७३ लाख ७४ हजार ३ सय ५३ रुपैया तथा घर जग्गा रजिष्ट्रेशन वापत् मालपोत बाट प्राप्त हुने राजश्व रु १ करोड ३ लाख १२ हजार ८ सय ३१ रुपैया अनुमान गरिएको छ । नगरको आन्तरिक आय रु १३ करोड ९२ लाख ७५ हजार ५ सय ३९ रुपैंया प्रक्षेपण गरिएको छ ।त्यसै गरी बैंक मौज्दात रु ५ करोड २८ लाख ६२ हजार ९ सय ६३ रहने अनुमान गरिएको छ ।

१२. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।सीमित स्रोतका बिच असीमित आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यता भएकाले नगरवासीका सबै आवश्यकता पुरा गर्नु नगरका लागि चुनौतिपूर्ण भए पनि स्रोतको अधिकतम उपयोग गरी मुख्य प्राथमिकतामा रहेका योजनाहरुको समयमै कार्यान्वियन गरी विकासको आयाम कोर्न सकिने विश्वास दिलाउन चाहन्छु ।

१३. यस नगर भित्र रहेको सबै वडा कार्यालयहरुलाई विकास निर्माणमा सक्रिय सहभागिता गराउने र सम्बन्धित वडाबाट नै छनोट भएका योजनाहरुलाई सम्बोधन हुने गरी वडा नं १ का लागि १ करोड १० लाख वडा नं २, ३, ६ र ७ का लागि प्रति वडा १ करोड, वडा नं ४ र ५ र ८ का लागि प्रति वडा ९० लाख र वडा नं ९ का लागि १ करोड ४५ लाख गरी कुल रकम रु ९ करोड २५लाख विनियोजन गरेको छु ।त्यसैगरी वडास्तरीय तथा नगरस्तरमा चालु आ.व.मा सम्झौता नभएका योजना तथा कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षमा सारेको छु ।जसका लागि १ करोड १५ लाख ६२ हजार ९ सय १३ रुपैया बजेटको व्यवस्था गरेको छु ।

१४. माडी नगरको इच्छा : गुणस्तरीय र जीवनोपयोगी शिक्षा भन्ने मूल नारालाई आत्मसात् गर्दै विद्यार्थीहरुको शिक्षामा पहुँच विस्तार गरी क्षमतावान् र दक्ष नागरिक निर्माण गर्दै सभ्य र मर्यादित समाजको निर्माणमा टेवा पुर्याउनको लागि संघीय सरकारको वित्तीय हस्तान्तरण मार्फत् रु २४ करोड ९७ लाख,प्रदेश सरकारबाट ५० लाख र नगरपालिकाको आन्तरिक स्रोतमार्फत् रु ४ करोड ४५ लाख गरी रु २९ करोड ६७ लाख शिक्षा क्षेत्रको विकासको लागि बजेट विनियोजन गरेको छु ।आधारभूत तथा माध्यमिक विद्यालयको प्रधानाध्यापकहरुको प्रोत्साहन अनुदान रकममा वृद्धि गरेको छु ।जसका लागि ९ लाख १८ हजार बजेट विनियोजन गरेको छु ।प्रारम्भिक बाल विकास स्वयम् सेवक शिक्षकहरुको पारिश्रमिकलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिलाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।विद्यालय सहायक कर्मचारी ,विद्यालय सहयोगी कर्मचारी र प्रारम्भिक बाल विकास शिक्षकहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नका लागि नगरपालिकाको स्रोतबाट रु ३० लाख बजेट विनियोजन गरेको छु ।हनुमान् झुलाका शिक्षकहरुलाई प्रोत्साहित गर्न दिदै आएको प्रोत्साहन कार्यक्रम निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।नगरभित्रका सामुदायिक विद्यालयहरुको संचालन तथा व्यवस्थापनका लागि चालु आर्थिक वर्षमा दिदैं आएको अनुदान रकममा वृद्धि गरेको छु ।जसका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु १० लाख ७५ हजार थप बजेटको व्यवस्था गरेको छु ।सबै सामुदायकि विद्यालयहरुमा डिजिटल हाजिरी अनिवार्य गर्न मेसिनरी औजार खरिदका लागि नगरपालिकाको स्रोतबाट आवश्यक बजेट विनियोजन गरेको छु । ।नगरस्तरीय खेलकुदको विकास तर्फ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि ७ लाख बजेट विनियोजन गरेको छु ।नगरस्तरीय विभिन्न खेलकुद संचालन तथा व्यवस्थापनका लागि रु १६ लाख ५० हजार बजेट व्यवस्थापन गरेको छु । माडी क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रोत्साहित गर्न छात्र वृत्ति कार्यक्रमका लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।माडीको धन : मौलिक कला संस्कृति र पर्यटन भन्ने मूल नारालई आत्मसात् गर्दै माडीको मौलिक कला संस्कृति जगेर्ना गर्नका लागि माडी प्रज्ञाप्रतिष्ठान मार्फत् विभिन्न कार्यक्रम संचालन गर्नका लागि रु २८ लाख बजेट विनियोजन गरेको छु । बागमती प्रदेश स्तरीय मौलिक संस्कृति उत्सव आयोजना गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।विद्यालयमा अध्ययनरत छात्रछात्राको प्रतिभा प्रस्फुटनका लागि नृत्य प्रतियोगिता,निबन्ध प्रतियोगिता, चित्रकला प्रतियोगिता ,सडक स्तरीय नाटक प्रदर्शन, हिज्जे प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्न विशेष बजेटको व्यवस्था मिलाएको छु । संघीय नमुना माडी मा. वि. को भौतिक पूर्वाधार स्तरोन्नतिका लागि विद्यालय क्षेत्र योजना अन्तर्गत ५६ लाख बजेट विनियोजन गरेको छु ।

१५. नगरपालिकाले दुधमा दिँदै आएको ४ रुपैयाँ प्रति लिटर अनुदानलाई बढाई ५ रुपैया प्रति लिटर कायम गरेको छु ।जसका लागि रु ५७ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।उत्पादनमा आधारित माछा तथा मासुमा अनुदान कार्यक्रमको लागि रु १५ लाख बजेट विनियोजन गरेको छु ।नगर भेटेरिनरी अस्पतालमा विशेषज्ञ सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन तथा कल्चर र ए एस. टी.सहितको विशिष्टीकृत ल्याव सेवा संचालन का लागि रु ८ लाख बजेट विनियोजन गरेको छु । भेटेरिनरी अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने अत्यावश्यक औषधी तथा उपकरण खरिदका लागि नगरपालिकाको स्रोतबाट रु १५ लाख बजेट व्यवस्थापन गरेको छु । प्रदेश सरकारको सशर्त अनुदान मार्फत् वडा नं ८ मा सामूहिक पशुपालन कार्यक्रमको लागि रु २० लाख बजेटको व्यवस्था मिलाएको छु ।त्यसै गरी संघीय सरकारको समन्वयमा आ व ०८२।८३ मा स्थापना भएको भैंसी पकेट विकास कार्यक्रम को निरन्तरताको लागि रु १३ लाख बजेट विनियोजन गरेको छु ।उत्कृष्ट पशुपन्छी तथा मत्स्यपालक कृषक सम्मान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।घाँसमा आधारित पशुपालन कार्यक्रम निरन्तरताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।रेविजमुक्त माडी नगरपालिका निर्माणका लागि सामुदायिक कुकुरहरुमा निशुल्क रेविज रोग बिरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रमका लागि रु ५ लाख बजेट व्यवस्थापन गरेको छु ।जलवायुमैत्री असल पशु पालन अभ्यास अवलम्बन गर्दै हर्ड

हेल्थ कार्यक्रम,पशुहरुमा प्रजनन व्यवस्थापन तथा नश्ल सुधार कार्यक्रमका लागि रु ७ लाख बजेट विनियोजन गरेको छ । यसै वर्षदेखि निशुल्क पशुपन्छी तथा मत्स्य घुम्ती शिविर कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छ । समग्रमा नगरपालिकाको स्रोतबाट रु १ करोड २० लाख र संघीय तथा प्रदेश सरकारको समेत गरी पशुपन्छी तथा मत्स्य विकासका लागि रु १ करोड ७१ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

१६. नगरपालिकाले कृषिलाई उच्च प्राथमिकतामा राखेको छ।वित्तीय हस्तान्तरण सहित कृषि क्षेत्रको विकासका लागि रु १ करोड ९४ लाख बजेट विनियोजन गरेको छ ।चैते धान उत्पादनमा प्रोत्साहन कार्यक्रम अन्तर्गत रु २० लाख विनियोजन गरेको छ।माटो स्वास्थ्य सुधार कार्यक्रम र रासायनिक विषादी प्रयोग न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्न रु ९ लाख बजेटको व्यवस्था मिलाएको छ ।**कृषि उत्पादनको मूल आधार सिंचाइ प्रणालीमा सुधार** भन्ने मान्यतालाई आत्मसात् गर्दै मागमा आधारित पाइप लाइनिङ कार्यक्रमका लागि रु १४ लाख बजेट विनियोजन गरेको छ ।साठ्ठे सतही सिंचाइ कुलो निर्माणका लागि रु ३४ लाख बजेट निर्माण गरेको छ स्वदेशी उन्नत बिउको उपयोगलाई प्रोत्साहन गर्न रु १५ लाख ७५ हजार विनियोजन गरेको छ ।साथै कृषि उपजको बजारीकरणका लागि निर्माणाधीन कृषि बजारमा कोल्ड रुम लगायत पूर्वाधार निर्माणमा १६ लाख ५० हजार विनियोजन गरेको छ ।प्रदेश सरकारको समन्वयमा वडा नं ८ मा सामूहिक ड्रयागन फ्रुट्स खेतीका लागि रु २० लाख बजेटको व्यवस्था मिलाएको छ । बाँझो जग्गा न्यूनीकरण तथा सदुपयोगका लागि भूमि बैंक मार्फत् विपन्न लक्षित कार्यक्रमका लागि रु ५ लाख २५ हजार बजेट विनियोजन गरेको छ । कृषि उत्पादनको लागत न्यूनीकरण तथा उत्पादन वृद्धि गर्न कृषि यान्त्रिकीकरण प्रबर्धन कार्यक्रममा रु १० लाख बजेट विनियोजन गरेको छ । तरकारी तथा फलफूल खेती प्रबर्धन कार्यक्रमका लागि रु ८ लाख २५ हजार बजेटको व्यवस्था मिलाएको छ ।नगरपालिकाभित्र रैथाने बाली तथा प्राङ्गारिक खेतीको प्रबर्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।संघीय सरकारसँगको सहकार्यमा आलु खेती प्रबर्धनका लागि रु १० लाख बजेट विनियोजन गरेको छ ।व्यावसायिक तरबुजा खेती प्रबर्धनका आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।त्यसैगरी कृषकहरुको बारीमा देखिने रोग किरा नियन्त्रणका लागि रु ३ लाख बजेट व्यवस्थापन गरेको छ ।

१७. माडी नगरपालिकाको प्रथम पाँच वर्षीय रोजगार रणनीति योजना अनुसार नगरपालिका भित्र रोजगारीका अवसार सिर्जना गर्न उपलब्ध अवसरहरुमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्दै लैजान बजेट विनियोजन गरेको छ ।जसका लागि आन्तरिक तथा दिगो तथा उत्पादनशील रोजगारीमा जोड दिँदै व्यवसायी तथा सिपमूलक कार्यक्रमहरुमा बेरोजगारी युवाहरुलाई जोड्दै मूल प्रवाहीकरणमा लैजान बजेटको प्रबन्ध मिलाएको छ ।जसका लागि वित्तीय हस्तान्तरण र नगरको आन्तरिक स्रोत सहित रु ३१ लाख बजेट विनियोजन गरेको छ।राष्ट्रिय रोजगार प्रबर्धन कार्यक्रम,लघु उद्यम विकास कार्यक्रम र वित्तीय साक्षरता एवम् मनोसामाजिक परामर्शका कार्यक्रमहरुलाइ रोजगार सेवा केन्द्र मार्फत् व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

१८. चालु आवमा सुरु भएको एनसेल टावरबाट शिवद्वार दिवानगर राइटोल हुँदै कल्याणपुरसम्म बाटो कालोपत्रे योजनालाई निरन्तरता दिनका लागि संघीय सरकार समपुरक अनुदानमार्फत् रु १करोड ९० लाख र नगरपालिकाको स्रोतबाट रु २ करोड ८५ लाख गरी रु ४ करोड ७५ लाख बजेट व्यवस्था गरेको छ ।त्यसै गरी वडा नं १ सेरुवा डाङ्ग्रे खोला कल्भर्टबाट सिकारीपुर हुँदै आधारभूत विद्यालय वाल्मिकीदेखि वनकट्टा होमस्टे र गोद्धक धामसम्मको सडक कालोपत्रेका लागि संघीय समपूरक अनुदानबाट रु ५५ लाख र आन्तरिक स्रोतबाट ८२ लाख ५० हजार गरी रु १ करोड ३७ लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छ ।त्यसै गरी वडा नं १ स्थित पाण्डवनगर र द्रौपदीनगरमा लोपोन्मुख, विपन्न ,सीमान्तीकृतहरुका लागि नमुना आवास निर्माणका लागि संघीय सरकार विशेष अनुदानमार्फत् रु १ करोड ४६ लाख बजेटको प्रबन्ध गरेको छ ।

यस नगरभित्रका सडक,पुल,कजवे, नाला आदिजस्ता पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु.२ करोड ५१ लाख विनियोजन गरेको छ ।त्यसैगरी बगही बस पार्कको भौतिक सुधार निर्माणका लागि रु १० लाख बजेटको व्यवस्था मिलाएको छ ।+

१९. प्रदेश सरकारसँगको समन्वयमा समपुरक अनुदान शीर्षकमा वडा नं १ सेरुवादेखि शिखारीपुर त्रिचोक हुँदै कल्यानपुर,रातो पहिरो सम्मको बाटो कालोपत्रेका लागि रु. १ करोड २० लाख, र वडा नं ९ धम्पुस चोकबाट नमुना बस्ती हुँदै खरिकुनाबाट ९ नं वडा कार्यालय जाने बाटो कालोपत्रका लागि रु १ करोड २० लाख र नगरपालिकाको स्रोतबाट रु ३ करोड ६० लाख गरी जम्मा रु ६ करोड विनियोजन गरेको छ । र प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गत वडा नं ४ अम्रौली गाउँको सडक निर्माण योजनाका लागि रु ४० लाख बजेटको व्यवस्था गरेको छ ।

२०. बैकुण्ठधाम घाँघर खोला झोलुङ्गेपुल निर्माण कार्यका लागि रु १५ लाख बजेट व्यवस्था मिलाएको छ ।

२१. सबै वडाका प्रशासनिक भवन सुविधासम्पन्न बनाउने नीतीलाई आत्मसात् गर्दै वडा नं ४ को वडा कार्यालय भवन यसै चालु आ व मा सम्पन भइसकेको छ । साथै वडा नं १ को भवन निर्माणका लागि नगरपालिकाको आन्तरिक स्रोत बाट रु ६० लाख बजेटको व्यवस्था गरेको छ ।

२२. **स्वस्थ माडी समृद्ध माडी : गुणस्तरीय स्वास्थ्य सेवामा सदैव अगाडि** भन्ने नारा सहित गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न बघौडा अस्पताल र सेवा केन्द्रलाई थप सवलीकरण गरिने छ।बघौडा अस्पतालको लागि औषधी तथा उपकरण खरिद र पूर्वाधार भौतिक संरचना सुधारका

लागि  नगरको आन्तरिक स्रोत मार्फत रु १ करोड ३२  लाख रुपैया  बिनियोजन गरेको छु | वडा नं ६ मा रहेको कल्याणपुर स्वास्थ्य चौकीको सबलीकरणका लागि प्रदेश सरकारको समन्वयमा रु १५ लाख विनियोजन गरेको छु ।सोमेश्वर गढीमा हेल्थ डेस्क निर्माणका लागि प्रदेश सशर्त कार्यक्रम मार्फत् रु ३० लाख बजेटको व्यवस्था गरेको छु ।त्यसैगरी वघौडा अस्पताल सुदृढीकरण अन्तर्गत ब्लड बैंक र डाइलेसिस सेवाका लागि आवश्यक सामग्री खरिदका लागि प्रदेश विशेष अनुदान मार्फत् रु ७० लाख बजेटको व्यवस्था मिलाएको छु ।सरकारी स्वास्थ्य संस्था अन्तर्गत सञ्चालित ३ वटा सरकारी एम्बुलेन्सहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।घरदैलो स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्न नगरपालिकाको स्रोत मार्फत् रु ५ लाखको व्यवस्था गरेको छु ।स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गर्न बजेट व्यवस्था गरेको छु ।गुणस्तरीय स्वास्थ्य सेवाका लागि कोल्ड चेन मर्मत सम्भार ,स्वयम् सेविकाहरुलाई प्रोत्साहन,थाइलेसेमियाका बिरामीलाई यातायात खर्च ,एच आइ भी संक्रमितलाई पोषण खर्च साथै निशुल्क वितरण गर्ने औषधीको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।आयुर्वेद तर्फ औषधी खरिद,आयुर्वेद औषधालय तथा आरोग्य केन्द्रको मर्मत सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।स्वर्णविन्दु प्राशन कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रमा नगरपालिकाको स्रोत र प्रदेश तथा संघीय सरकारको वित्तीय हस्तान्तरण सहित  कुल रु.८ करोड ६५ लाख बजेट  व्यवस्था गरेको छु ।

२३. महिला, आदिवासी तथा जनजाति, दलित, ज्येष्ठ नागरिक, द्वन्दपिडित, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको समग्र उत्थानका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।दलित आय आर्जन, महिला सशक्तीकरण, आदिवासी जनजाति संस्कृति प्रवर्द्धन, बाल अधिकार संरक्षण तथा लैङ्गिक समानता प्रवर्द्धनका कार्यक्रमहरू, अपाङ्गता भएका व्यक्तिलाई सहायता सामाग्री वितरण, जेष्ठ नागरिकसँग सिकाइ आदान प्रदान कार्यक्रम, तीर्थाटन कार्यक्रम संचालनका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।असहाय बालबालिका र बेपत्ता परिवारका आश्रित महिलाहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । यी क्षेत्रको लागि समग्रमा कुल रू. ५५ लाख विनियोजन गरेको छु ।जस अन्तर्गत अपाङ्ग महिला बालबालिका तथा ज्येष्ठ नागरिक, लक्षित कार्यक्रमका लागि रु २५ लाख,,दलित लक्षित कार्यक्रमका लागि रु १५ लाख र आदिवासी जनजाति लक्षित कार्यक्रमका लागि रु १५ लाख बजेट विनियोजन गरेको छु।लक्षित कार्यक्रम अन्तर्गत विपन्न दलित शौचालय निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।दलित,आदिवासी तथा जनजाति,महिला तथा अपाङ्गता भएका व्यक्ति तथा  समुदायका लागि  लोकसेवा तथा शिक्षक सेवा सम्बन्धी कक्षा सञ्चालनका लागि बजेट विनियोजन गरिएको छ ।लैङ्गिक हिंसामा परेका वर्ग समुदायको उद्धार गर्नका लागि वडा नं ६ सेफ हाउस व्यवस्थापनलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

२४. पर्यटन माडी विकासको प्रमुख सम्भावना हो समग्र पर्यटन विकासका लागि नगरपालिकाको स्रोतबाट रु १५ लाख बजेट विनियोजन गरेको छु ।

२५. विपद् जोखिम न्यूनिकरण, विपद् पूर्वतयारी, प्रतिकार्य तथा सम्भावित मानव वन्यजन्तु द्वन्द्व, आगलागी, बाढी, हावाहुरी लगायतको विपद् व्यवस्थापन तथा वातरण संरक्षण , हरित सडक कार्यक्रमका लागि रु ७५ लाख बजेट  विनियोजन गरेको  छु ।वातावरणमैत्री वडा घोषणा तथा हरियाली कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. सुशासनको प्रत्याभूति दिलाउन, कर्मचारीको सीप र क्षमता विकास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु । नगरपालिकामा कार्यरत अस्थायी करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न रु ७५ लाख बजेट विनियोजन गरेको छु ।स्थायी कर्मचारीहरुको थप प्रोत्साहनका लागि रु ५५ लाख बजेट विनियोजन गरेको छु । नगरपालिका अन्तर्गतका समग्र प्रशासनिक, स्वास्थ्य तथा विद्यालयहरुमा डिजिटल हाजिरी अनिवार्य गर्न बजेटको प्रबन्ध मिलाएको छु ।तथ्याङ्कमा आधारित विकासका लागि माडी नगरपालिकाको नगर पार्श्वचित्र निर्माण गर्न रु १७ लाख बजेट विनियोजन गरेको छु  महिला, आदिवासी तथा जनजाति, दलित, ज्येष्ठ नागरिक, द्वन्दपिडित, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको समग्र उत्थानका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

२७. अन्त्यमा, चालु आ.व.को हालसम्मको आय व्ययको विवरण ,आगामी आर्थिक वर्षको विषय क्षेत्रगत, आयोजनागत बजेटको अनुमानित विवरण समेटिएको वार्षिक योजना पुस्तिकामा समावेश गरिएको छ।  प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनुहुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभावहरु, राजनीतिज्ञ लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी एवम् अहोरात्र खटिने कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद

खेम प्रसाद महतो

उप-प्रमुख